बैठक संख्याः-६५

आज मिति २०८२ जेठ १६ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं.वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यंक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं. वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्यं | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता डुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं २-** बिर्तामोड नगरपालिकाको दोस्रो नगर सभाको सातौं अधिवेशनको पहिलो बैठक मिति २०८२।०३।०९ गते सोमबार विहानको ११ बजे नगरपालिकाको नयाँ भवनको सभाहलमा बस्ने निर्णय गरियो । साथै उक्त दिन नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह हुने अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा बन्द गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं ३-** विपन्नहरुका लागि स्वास्थ्य बीमा कार्यक्रमको निःशुल्क बीमा गरि भुक्तानी लिईसकेका वडाहरु निःशुल्क (नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम) र २० प्रतिशत बीमा प्रिमियम बापतको रकम बीमितबाट असुल गरेको हकमा उक्त २० प्रतिशतले उठेको रकम समेत सोही वडामा स्थायी बसोबास रहेका विपन्न परिवारको स्वास्थ्य बीमा गराउने निर्णय गरियो ।

**निर्णय नं ४-** बिर्तामोड नगरपालिकाको न्यूनतम समर्थन मूल्य अनुदान भुक्तानी कार्यविधि २०८१ अनुसार समर्थन मूल्य भन्दा थोक मूल्य कम भएमा कृषकहरुलाई अनुदान रकम भुक्तानी गर्ने व्यवस्था रहेको हुँदा मिति २०८१।१०। १५ गतेदेखि मिति २०८१।१२।३१ गते सम्मको बजेट शिर्षक न्यूनतम समर्थन मूल्य अनुदान कार्यक्रम (१९८.२१.१.५८१) बाट नगरस्तरिय तरकारी उत्पादन तथा ब्यवस्थापन समितिलाई जम्मा रकम रु १२८१८८७ (बाह्र लाख एकासी हजार आठ सय सतासी) मात्र भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ५-** बिर्तामोड नगरपालिकाको चालु आ.ब. ०८१/८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत नगस्तरीय योजनाको शीर्षक नं ३११५१ बिर्तामोड नगरपालिका वडा नं ६ मा तक्लिवाडी टिका संग्रौलाको घर जाने बाटोमा प्लम तथा स्तरोन्नती गर्नका लागि रु. ४,००,०००।- बिनियोजन भएको कार्यक्रम रकम संशोधन गरि बिर्तामोड नगरपालिका वडा नं ६ मा रहेको हरियाली सिमसार क्षेत्रको बाटोमा प्लम निर्माण कार्यक्रममा बिनियोजन गर्ने र हरियाली सामुदायिक वन उपभोक्ता समुहको सेती खोला तटबन्धन गर्नका लागि रु ११,००,०००।– बिनियोजनलाई संशोधन गरि हरियाली सामुदायिक भवन भित्र साउण्ड लेस निर्माण व्यवस्थापन शिर्षकमा विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६-** बर्षायाम शुरु भएकोले बिर्तामोड नगरपालिकामा रहेको एक वटा जे.सि.भि. ले मात्र सेवा प्रवाह गर्न समस्या भएको हुँदा २०८२।०२।१७ देखि आषाढ मसान्त सम्मको लागि थप १ वटा जे.सि.भि. भाडामा लिई संचालन गर्ने निर्णय गरियो ।

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रा देवी महताराग प्रसाई
नगर प्रमुख

**निर्णय नं ७** "घ" श्रेणीको निर्माण इजाजत स्वीकृतका लागि नियमानुसार प्रक्रिया पुगी आएको शिवशक्ति कन्ट्रक्सन बिर्तामोड २ झापालाई निर्माण सम्बन्धी कार्य गर्न ईजाजत स्वीकृत दिने निर्णय गरियो।

**निर्णय नं ८-** कोशी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट यस नगरपालिकामा देहायका बिभिन्न कार्यक्रमका लागि सशर्त बजेट मार्फत थप प्राप्त भएका बजेट जम्मा रु ६५,५०,०००।– लाई आगामी नगर सभाबाट अनुमोदन हुने गरि चालू आ.व.को स्वीकृत बजेटमा समावेश गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

कोशी प्रदेश सरकारबाट थप भएका योजना तथा कार्यक्रम आ.व. २०८१-०८२

| क्र.स. | योजना तथा कार्यक्रम | वडा नं | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | महेन्द्ररत्न मा वि बिर्तामोड झापामा संचालित मस्तिक पक्षाघात कक्षाको व्यवस्थापन अनुदान | ३ | १,०००,००० | |
| २ | श्री कृष्ण प्राणामी सत्सङ्ग निर्माण/ मर्मत बिर्तामोड नगरपालिका १०, झापा | १० | ४००,००० | |
| ३ | दुर्गा भवानी मन्दिर मधुपोखरी निर्माण/ मर्मत बिर्तामोड नगरपालिका १०, झापा | १० | २००००० | |
| ४ | सहिद नेत्र पार्क, बिर्तामोड ७, झापा | ७ | १०००००० | |
| ५ | नारी विकास संघ भवन मर्मत बिर्तामोड नगरपालिका ७, झापा | ७ | ४००,००० | |
| ६ | धार्मिक प्रकृतिका विद्यालयहरुलाई प्रस्तावमा आधारित अनुदान | - | ३५०,००० | |
| ७ | गायत्री माता मन्दिर निर्माण बिर्तामोड नगरपालिका-५, झापा | ५ | ५००००० | |
| ८ | थारु कल्याणकारी सभा निर्माणाधिन अधुरो भवन बिर्तामोड नगरपालिका-४, झापा | ४ | ७००००० | |
| ९ | सामुदायिक सिकाई केन्द्रहरुको सुदृढिकरणका लागि प्रस्तावमा आधारित अनुदान | - | २००००० | |

प्रमुख प्रशासकीय अधिकृत

पवित्रा देवी महतारा प्रसाई

| | | | | |
|---|---|---|---|---|
| १० | झापा गोल्डकप प्रतियोगिता संचालन बिर्तामोड नगरपालिका, झापा | | ५००००० | |
| ११ | सिताराम टोल धनपतिको घर पुर्व बाटो निर्माण बिर्तामोड नगगरपालिका ७, झापा | ७ | ७००००० | |
| १२ | स्थानीय तहको साझेदारीमा बालमैत्री विद्यालय संचालनको लागि प्रस्तावमा आधारित अनुदान | - | ६००००० | |

बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बिर्तामोड, झापा, कोशी प्रदेश, नेपाल

स्मारिका मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रा देवी महताग प्रसाई
नगर प्रमुख